नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
आर्थिक प्रशासन महाशाखा नक्साल काठमाण्डौ

# सिदा (राशन) तथा दाना खरिद बन्दोबस्त सम्बन्धी शिलबन्दी बोलपत्र, बिधुतिय बोलपत्र (e-bidding) तथा दरभाउपत्र आह्वान सूचना नं. १/२०७५/०७६

प्रथम पटक प्रकाशित मिति २०७५/०७/१८ गते आईतबार

नेपाल प्रहरी अस्पतालमा उपचारार्थ भर्ना हुने बिरामीहरुको लागि सिदा (राशन) र प्रहरी कार्यमा कार्यरत घोडा तथा कुकुरहरुको लागि दाना (आहार) को आर्थिक बर्ष २०७५/०७६ अर्थात २०७५ साल माघ ०१ गते देखि २०७६ साल पौष मसान्त सम्म बर्ष १ (एक) को निमित्त सिदा (राशन) तथा दानाको बोलपत्र, विद्युतीय बोलपत्र (e-bidding) तथा दरभाउ पत्र आह्वान गरी नेपाल भरी एकै पटक सिदा (राशन) तथा दाना खरिद वन्दोवस्त गर्नुपर्ने भएकोले नेपाली राष्ट्रिय दैनिक गोरखापत्रमा प्रथम पटक देश व्यापी खरिद बन्दोवस्तको लागि यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र तथा दरभाउ पत्र लिन ईच्छुक सिदा (राशन) तथा दाना आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायमा दर्ता भएका नेपाली आपूर्तिकर्ता व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट प्रहरी अस्पतालमा भर्ना हुने बिरामीको लागि नेपाल प्रहरी अस्पताल महाराजगञ्ज, क्षेत्रीय प्रहरी अस्पताल नेपालगन्ज र दिपायल, घोडा दानाको लागि महानगरीय ट्राफिक प्रहरी महाशाखा रामशाहपथ, कुकुर दानाको लागि केन्द्रीय प्रहरी कुकुर तालिम स्कुल महाराजगन्ज, ३ नं प्रदेश प्रहरी कार्यालय हेटौडा, ४ नं. प्रदेश प्रहरी कार्यालय पोखरा, प्रदेश प्रहरी कार्यालय कर्णाली वीरेन्द्रनगर सुर्खेत, ७ नं. प्रदेश प्रहरी कार्यालय दिपालय र संघीय प्रहरी इकाई कार्यालय धरानबाट तयार पारिएको बोलपत्र कागजातमा उल्लेखित संख्याको लागि बिरामी सिदा (राशन), घोडा तथा कुकुर दाना (आहार) को छुट्टाछुट्टै बोलपत्र सम्बन्धी कागजात खरिद गरी सम्बन्धित कार्यालयहरुबाट प्रकाशित हुने शर्तहरुको अधिनमा रहि प्रकाशित हुने सूचना बमोजिम शिलबन्दी बोलपत्र, विद्युतीय बोलपत्र (e-bidding) वा दरभाउपत्रद्वारा बिरामी सिदा (राशन) घोडा तथा कुकुर दाना (आहार) खरिद सम्बन्धी बोलपत्र आह्वान गरिएको छ।

## शर्तहरु

१ खरिद बन्दोबस्त गरिने सिदा (राशन) तथा दानाको किसिम र परिमाण तथा प्राबिधिक बिवरण (स्पेशिफिकेशन) दरबन्दी संख्या, बोलपत्र जमानत, बोलपत्र दस्तुर लगायतका शर्तहरु सम्बन्धित कार्यालयबाट तयार गरिएको बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिए बमोजिम हुनेछ।

२ बोलपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने ईच्छुक नेपाली आपूर्तिकर्ताले लिखित आवेदन सहित आवश्यक कागजातको प्रमाणित प्रतिलिपी संलग्न राखी सम्बन्धित कार्यालयको सूचनामा उल्लेख भए बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) नेपाल सरकारको राजश्व शीर्षक (कार्यालयको कोड तथा राजश्व खाता सम्बन्धित कार्यालयबाट उपलब्ध हुने) मा नगद जम्मा गरेको सक्कल भौचर वा सम्बन्धित कार्यालयहरुमा नगदै जम्मा गरी सूचना प्रकाशित भएकै दिन देखि बोलपत्रको हकमा मिति २०७५/०८/१७ गते सोमबार र दरभाउपत्रको हकमा मिति २०७५/०८/०२ गते आईतबार कार्यालय समय भित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र राशन व्यवस्था गर्नुपर्ने सम्बन्धित प्रहरी कार्यालयहरुबाट खरिद गर्न सकिनेछ।

३ शिलबन्दी बोलपत्र वा दरभाउपत्रको मान्य अवधि सम्बन्धित प्रहरी कार्यालयले नियमानुसार तोके बमोजिम हुनेछ।

४ शिलवन्दी बोलपत्र, विद्युतीय बोलपत्र (e-bidding) सूचना प्रकाशित भएको मिति देखि मिति २०७५/०८/१८ गते मंगलबार र दरभाउपत्र मिति २०७५/०८/०३ गते सोमबार दिनको १२:०० बजे भित्र सम्ममा बिरामी सिदा (राशन) वा घोडा तथा कुकुर दाना (आहार) खरिद बन्दोवस्त गर्ने सम्बन्धित प्रहरी कार्यालयहरुमा दर्ता तथा e-Submission गराई सक्नुपर्ने छ। रितपूर्वक दर्ता हुन आएका शिलबन्दी बोलपत्र, विद्युतीय बोलपत्र (e-bidding) र दरभाउपत्रहरु उल्लेखित दिनको १४:०० बजे सम्बन्धित कार्यालयहरुमा उपस्थित प्रतिनिधी, बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधीको रोहवरमा

खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै वाधा पुग्ने छैन । पूर्व निर्धारित मितिमा कारणबस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिनेछ ।

५ बोलपत्रदाताले सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट आ.ब.०७४/०७५ को कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने छ ।

६ बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोलिने अन्तिम दिन कारणबस कुनै सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लेखित स्थान र समय भित्र बोलपत्र एवं दरभाउपत्र दर्ता गरिने र खोलिने छ ।

७ बोलपत्र सम्बन्धी कागजातको परिमाण सहितको मूल्य सूचि भर्दा मुल्य अभिबृद्धि कर बाहेकको प्रति दिन प्रति जवान वा घोडा वा कुकुरको आईटमवाईज दर अंक र अक्षर दुवैमा स्पष्ट लेखि भर्नु पर्नेछ । अंक र अक्षर वीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८ सम्बन्धित कार्यालयबाट बिक्रि बितरण भएको बोलपत्र कागजात मात्र मान्य हुने र एक व्यक्ति, फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति, फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाईने छैन ।

९ म्याद नाघी प्राप्त भएका बोलपत्र र रीत नपुगेका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१० खरिद सम्झौता अवधिभर कुनै किसिमको मुल्य बृद्धि दिईने छैन ।

११ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित कार्यालयहरुमा सुरक्षित रहनेछ ।

१२ बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको प्राविधिक बिवरण (स्पेशिफिकेशन) बमोजिम गुणस्तरयुक्त र नेपाल सरकारले तोकेको मापदण्ड भित्रको प्रत्येक आईटमको नमूना बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसारको परिमाणमा छुट्टा छुट्टै प्याकिङ्ग गरी बोलपत्रसाथ पेश गर्नु पर्नेछ । (सडिगली जाने बाहेक)

१३ बोलपत्र पेश गर्नु पूर्व बोलपत्रदाताहरुको बैठक मिति २०७५ साल मंसिर ०९ गते आईतबार दिउँसो १४:०० बजे सिदा (राशन) तथा दाना आपूर्ति व्यबस्था गर्ने सम्बन्धित प्रहरी कार्यालयमा राखिएको हुँदा उक्त दिन उपस्थित हुन र सबै सम्भावित बोलपत्रदाताहरुले उक्त मिति अगावै बोलपत्र सम्बन्धी कागजात खरिद गर्नु उपयुक्त हुने कुरा जानकारी गराईन्छ ।

१४ बिधुतीय बोलपत्र (e-bidding) सम्बन्धी थप जानकारी बोलपत्र सम्वन्धी कागजातबाट लिन सकिनेछ ।

१५ बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा सम्बन्धित कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ । साथै, बोलपत्र सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको website:www.ppmo.gov.np/ www.bolpatra.gov.np र नेपाल प्रहरीको website: www.nepalpolice.gov.np मा पनि हेर्न सकिनेछ ।

१६ यस सूचना तथा शिलबन्दी बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख नभएका विषयहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली,२०६४, (संसोधन सहित) र प्रचलित अन्य नेपाल कानून अनुसार हुनेछ ।